# नीति तथा कार्यक्रम

# आ.व. २०८१।०८२

कर्जन्हा नगरपालिका

**कर्जन्हा नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

**कर्जन्हा, सिरहा**

**मधेश प्रदेश, नेपाल**

Scanned with CamScanner

## कर्जन्हा नगरपालिकाको १३ औं नगरसभामा नगर प्रमुख श्री भोला प्रसाद पोखरेल द्धारा प्रस्तुत आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम

**नगर सभा सदस्य एवंम् महानुभावहरु,**

१. सर्वप्रथम म यस गौरवमय १३ औं नगरसभाको अवसरमा सम्पुर्ण ज्ञातअज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । राष्ट्रियता, स्वाधिनता, सामाजिक, न्याय, समानता र समृद्धि तथा संघीय शासन प्रणाली स्थापित गर्नका लागि सर्घष गर्नुहुने महान नेपाल र त्यसको समक्ष नेतृत्व गर्नुहुने राजनीतिकका शिखर व्यत्तित्व प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु । जनताको प्रतिनिधि मार्फत नै शासन गर्ने व्यवस्थाको लागि बलिदानी र योग्दान गर्ने सबैमा म कर्जन्हा नगरपालिकाको तर्फवाट धन्यवाद व्यक्त गर्न चाहन्छु ।

हामीले समुन्नत कर्जन्हाको सपना साकार बनाउनको लागि लिइएको **"समावेशी, स्वच्छ, हरियाली र समृद्ध कर्जन्हा नगरपालिकाको मुख्य आधार, कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन तथा दिगो पूर्वाधार"** भन्ने मूल नारालाई अंगिकार गर्दै दोस्रो वर्षको अनुभव लिइसकेका छौं । यस बीचमा प्राप्त साझा उपलब्धीहरुलाई सिकाईको रुपमा ग्रहण गर्दै थप अग्रगामी वाटोमा नगरपालिकालाई डोऱ्याउन यस नीति तथा कार्यक्रमको मुख्य ध्येय रहने मैले विश्वास लिएको छु । कृषि विकास, आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन, सुशासन तथा संस्थागत विकासलाई नीति तथा कार्यक्रमले आफनो मुख्य प्राथमिकतामा राखेको छ ।

**नगर सभा सदस्य एवंम् महानुभावहरु,**

**अव म आगामी आर्थिक वर्ष २०८१।०८२ को लागि प्रस्तावित नीति तथा कार्यक्रम पेश गर्न चाहन्छु ।**

Scanned with CamScanner

आज यस कार्यक्रममा उपस्थित सम्पुर्ण राजनैतिक दलका प्रतिनिधि, सम्पुर्ण नगरवासी तथा सम्पुर्ण कर्मचारीहरु, सुरक्षाकर्मी, पत्रकारहरु प्रति हार्दिक आभार एंवम् धन्यवाद प्रकट गर्दछु । समग्र कर्जन्हा नगरपालिकाको विकास र समृद्धिमा सक्रिय योगदान र सहकारिताको अपेक्षा सहित आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम निर्माण गरेका छौं । नेपालको सविधान, मौलिक हक राज्यका निर्देशक सिद्धान्त नेपाल सरकारको नीति तथा कार्यक्रम २०८१।०८२ को वजेट तथा कार्यक्रम, **सौह्रौ** आवधिक योजना, दिगो विकासको लक्ष्य, प्रदेश सरकारले नीति तथा कार्यक्रमलाई पनि आत्मसात गरि यो नीति तथा कार्यक्रम तयार गरिएको छ । यस नीति तथा कार्यक्रम निर्माणका क्रममा नगर कार्यपालिका सदस्यहरु, सम्पुर्ण नगरसभा सदस्यहरु, कर्मचारीहरु, बुद्धिजिवीहरु, शिक्षाविद्हरु एंवम सम्पुर्ण नगरवासी शुभचिन्तकहरुको अमूल्य सुझावहरु यथासम्भव समावेश गर्ने प्रयास गरेका छौं । यस कर्जन्हा नगरपालिकाको समृद्धि र विकास गर्नका लागि सम्पुर्ण नगरपालिकाका पदाधिकारी र सरोकारवाला सवैमा हार्दिक आहवान गर्न चाहन्छु ।

**अब:** म यस सम्मानित सभा समक्ष कर्जन्हा नगरपालिकाको आर्थिक बर्ष २०८१।०८२ को वार्षिक नीति तथा कार्यक्रम संक्षिप्तमा प्रस्तुत गर्न चाहन्छु । जस्मा दीर्घकालीन सोच, लक्ष्य, उदेश्य र प्राथमिक क्षेत्र यस प्रकार रहेको छ ।

- **दीर्घकालीन सोच : "समावेशी, स्वच्छ, हरियाली र समृद्ध कर्जन्हा नगरपालिकाको मुख्य आधार, कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र दिगो पूर्वाधार "** भन्ने नाराका साथ स्थानीय तहलाई कृषि, शिक्षा, पर्यटन, समाजिक विकास र दिगो भौतिक पूर्वाधारको निर्माण सहित मर्यादित रोजगारी कर्जन्हा नगपालिका समृद्ध बनाउने दीर्घकालीन सोच रहको छ ।

- **लक्ष्य**

  कृषि, पर्यटन,उधोग व्यवसायको समेत विकास गरी दिगो रोजगारी, स्वस्थ्य र समृद्ध सहरको रुपमा अगाडि बढाउँदै नगरवासी कै जीवनस्तर उच्च बनाउने ।

- **उद्देश्यः**
  - नगर क्षेत्रमा रहेको आन्तरिक साधन श्रोत, र क्षमताको उच्चतम उपयोग गरी रोजगार सृजना मार्फत आर्थिक वृद्धि तथा आर्थिक विकास गर्ने ।
  - नगरवासीहरुलाई आधारभूत स्वास्थ्यको सुनिश्चितता प्रदान गर्ने ।
  - नगरपालिकाको सार्वजनिक सेवा प्रवाहलाई जनमैत्री तथा गुणस्तरीय बनाई नगरमा सुशासन प्रववर्द्धन गर्ने ।

- **प्राथमिकताका क्षेत्र :**

  **"कृषि क्षेत्रको विकास यसैवाट हुन्छ कर्जन्हा नगरवासीको निकास"**
  - आर्थिक विकास
  - समाजिक विकास
  - पूर्वाधार विकास
  - वन तथा वातावरण
  - सु-शासन तथा संस्थागत विकास

# आर्थिक विकास

**कृषि तथा पशुपन्छी सम्वन्धी नीति :**

१. नगरपालिका क्षेत्र भित्र रहेका कृषि सडकमा विद्युतीकरण गरिने कार्यलाई प्राथमिकतामा राखिने नीति अवलम्वन गरिनेछ ।

२. नगरपालिका क्षेत्र भित्रका नक्शासन भएका कृषि सडकको ट्रयाक खोल्ने र अतिक्रमण भएका सडकहरुको पहिचान गरी अतिक्रमण हटाउने कार्यलाई तिव्रता दिइनेछ ।

Scanned with CamScanner

३. कृषिको विशिष्टिकरण, विविधिकरण, आधुनिकीकरण तथा व्यावसायीकरण गरि उत्पादन परिमाण तथा गुणस्तर अभिवृद्धि गर्न कृषि विकास रणनीति कार्ययोजना उच्च प्राथमिकता दिई कार्यान्वयन गरिने नीति लिइनेछ ।

४. मुख्यकुलोहरुको स्तर उन्नति गरी कृषि क्षेत्रमा बाह्रै महिना सिचाई सुविधा पुऱ्याउनेछ । सिचाई पूर्वाधारको मर्मत सम्भार तथा नियमितताका लागि उपभोक्ताको सहभागितालाई प्रवर्द्धन गरिनेछ । सिचाइ सुविधा उपलब्ध नरहेको खेतियोग्य जमिनमा डिप बोरिङ्गको व्यवस्था गरि सिँचाइ सुविधालाई प्रभावकारी बनाइनेछ ।

५. नगर क्षेत्र भित्र रहेका भूमिहिन दलित, सुकुम्वासी अव्यवस्थित वसोवासहरुलाई अभिलेखिकरण, निस्सा वितरण र नाँप जाँच गरी लालपुर्जा वितरण गर्दै लगिनेछ ।

६. प्रत्येक वडामा आवश्यकता अनुसार कृषि सहकारी/कृषि समुह स्थापना तथा गठन गर्दै कृषि मल खाद वितरणमा संलग्नता बढाइनेछ ।

७. किसान सुचीकरण कार्यलाई निरन्तरता दिदैं किसान परिचय पत्रलाई कृषि क्षेत्रमा प्रदान गरिने सेवा सहुलियत संग आवध गरिनेछ ।

८. छरिएर रहेका किसानहरुलाई समुहमा आवद्ध गरी व्यवसाय संचालन सम्वन्धी ज्ञान सीप र प्रविधि हस्तान्तरण गरिनेछ । यसका लागि संघ र प्रदेश सरकार संग सहकार्य गर्ने नीति लिइनेछ ।

९. अस्वस्थ्य खुल्ला मासु बिक्रि वितरण, ओसारपसार तथा पशु बधशालाहरुलाई व्यवस्थित गर्न मापदण्ड वनाइनेछ ।

१०. व्यवसायिक पशुपन्छी विकासको लागि डाले घाँस उत्पादनमा जोड दिनेछ ।

११. कृषि योग्य भूमिको संरक्षण, नदी किनारसहितका बाँझो तथा नदी उकास जग्गाको सदुपयोग एंव चकलावन्दी गर्दै जाने नीति निरन्तरता दिइनेछ ।

१२. पशुपालन तथा पशु स्वास्थ्य सर्म्वन्धि कार्यका लागि पंशुपन्छी चिकित्सा सेवाको प्रभावकारीता अभिबृद्धि गर्नै नीति लिइनेछ ।

१३. चुरेवाट निस्केका खोला खहरेलाई संरक्षित गरी Water Recharge Station निर्माण गरी पानीको सतह अभिवृद्धि गर्ने कार्यमा पहल गरिनेछ ।

## पर्यटन तथा संस्कृति सम्बन्धी नीति

१. नगर भित्र पहिचान भएका उत्तरवाहिनी, कमला व्यारेज, नन्दवावा मन्दिर, मरेवा घाट, बाबाताल, नागा वावा पार्क, हरिणकट्टा पार्क, भवरी, रामजानकी पार्क जस्ता ऐतिहासिक क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्दै पर्यटकीय गन्तव्यका रुपमा विकास गरिनेछ ।

Scanned with CamScanner

२. यस नगर क्षेत्रमा रहेका धार्मिक, तथा सास्कृतिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३. नगर क्षेत्रभित्रका पर्यटकीय क्षेत्रहरुको योजनाबद्ध विकास गर्न तथा यस नगरपालिकालाई दीगो पर्यटनमैत्री नगरको रुपमा विकास गर्न पर्यटन गुरुयोजनालाई कार्यान्वयनमा ल्याइनेछ ।

४. नगरपालिका स्थित व्यस्त बजार तथा महत्वपूर्ण स्थानमा निगरानी तथा सुरक्षा व्यवस्थापन गर्नका लागि सडक बत्ति र सिसिटिभि क्यामेरा जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५ नगर क्षेत्र भित्रका पुरातात्वीक.धार्मिक, क्षेत्रको ऐतिहासिक महत्वको वारेमा अध्ययन अनुसन्धान गर्ने कार्यको थालनी गरिनेछ ।

६. यस नगरपालिकालाई फिल्म सिटीका रुपमा विकास गर्न विशेष पहल गरिनेछ ।

## उद्योग, बाणिज्य तथा रोजगार सम्बन्धी नीति

१. कर्जन्हा नगरपालिका वडा नं.३ र ६ को सीमामा रहेको वाह्र विगाहा (बर बिगहा) को सार्वजनिक जग्गाको क्षेत्र एकिन गरी औधोगिक ग्राम स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

२. नगरपालिका क्षेत्रमा स्थापना भई संचालनमा रहेका सबै प्रकारका उधोग, व्यापार व्यवसायको स्वीकृत मापदण्ड अनुसार दर्ता वा अनुमति नवीकरण, नियमन, खारेजी र लगत कट्टाको व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ ।

३. रोजगार सेवा केन्द्रमा सुचिकृत वेरोजगारहरुलाई नै नगरपालिकाको पहलमा विभिन्न खालका स्वरोजगार तथा सीपमुलक तालिमको व्यवस्था गरिनेछ ।

४) सहकारी संस्थामा आवद्ध सवै सदस्यहरुलाई स्थानीय स्रोतमा आधारित उत्पादनका लागि सीप एवं उद्यमशीलता विकास तालिम प्रदान गरी क्षमताका आधारमा एकल तथा सामुहिक रुपमा उद्योग व्यवसाय संचालनका लागि प्रोत्साहित गरिनेछ ।

५. नगरपालिका क्षेत्रमा विभिन्न बाणिज्य वैंकहरुलाई शाखा बिस्तारको लागि पहल गरिनेछ ।

६. नगरको विकासमा मेरो पनि योगदान भन्ने भावना सिर्जना गर्न नगरबासीको कर तिर्न सक्ने क्षमताको आधारमा राजश्वको दायरा बृद्धि गरिनेछ ।

७. सहकारी संघ संस्थाहरुको एकीकरण प्रक्रियालाई प्रोत्साहन गर्दै सहकारीका सिद्धान्त तथा मूल्य मान्यतालाई व्यवहारमा उतार्ने नीति अवलम्वन गरिनेछ ।

८. सहकारी संस्था दर्ता, नियमण गर्न सहजता अपनाइनेछ ।

९. रैथाने तथा परम्परागत सिप र पेशामा आधारित उद्यमको प्रर्वद्धन गरिनेछ ।

# सामाजिक विकास

**स्वास्थ्य सम्वन्धी नीति:**

१. नेपाल रेडकस सोसाइटीको सहयोगमा यस नगरपालिकाको नगरसभाको पहिलो दिन रक्तदान कार्यक्रम संचालन गरिनेछ ।

२. नगरपालिकामा आवश्यकता अनुसार स्वास्थ्यकर्मी करारमा लिई सेवा प्रवाहमा अभिवृद्धि गरिनेछ ।

३. एक पालिका एक अस्पतालको अवधारण अनरुप यस नगरपालिकाको वडा नं.३ मा बनाइने नगर अस्पताल निर्माण गर्न जग्गा प्राप्ति भई सकेकोले नगर अस्पातलको भवनको विस्तृत परियोजना प्रतिवेदन पुनरावलोकन तथा बजेट विनियोजन गराउन संघीय सरकारमा पहल गरिनेछ ।

४. ज्येष्ठ नागरिक, सुगर, प्रेसर जस्ता दीर्घ रोगीहरुका लागि सबै वडामा मासिक रुपमा नि:शुल्क घरदैलो कार्यक्रम संचालन गरिनेछ ।

५. नगरभित्रैकै वर्थिङ्ग सेन्टरमा सुत्केरी गराउने महिलाइ नि:शुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

६. नगरपालिका क्षेत्रभित्रका औषधी पसल (थोक र खुद्रा), प्रयोगशाला (ल्याव) संचालक व्यवसायीहरुले अनिवार्य रुपमा नगरपालिकावाट ईजाजत अनुमती पत्र लिनुपर्ने व्यवस्था गरिनेछ ।

७. स्वास्थ्य सम्वन्धि चेतनामुलक कार्यक्रम एंव विभिन्न दिवस मनाइनेछ ।
८. एक घर एक पोषण करेसावारी पहलको नीति लिइनेछ ।

## शिक्षा सम्बन्धी नीति

१. शिक्षक पेशालाई थप गुणस्तरीय आकर्षक र मर्यादित बनाउन प्रतिस्पर्धाको आधारमा सामुदायिक विद्यालयमा प्र.अ. नियुक्ति गरिने नीति लिइनेछ ।

२. पालिका क्षेत्रभित्र अन्तर विद्यालय सरुवा गरिने व्यवस्थालाई प्राथमिकता दिइनेछ ।

३. नगर स्वंयमसेवक शिक्षकको सेवालाई निरन्तरता दिइनेछ ।

४. वालविकास कक्षा संचालन नभएका विद्यालयहरुमा वालविकास कक्षा संचालन गर्ने नीति लिइनेछ ।

५. यस पालिकामा रहेका विद्यालयलाई व्यवस्थित गर्दै कम्तीमा चालु आ.व.मा ५ वटा विद्यालयलाई नगरस्तरीय नमुना विद्यालय बनाउने कार्यलाई अगाडि बढाइनेछ ।

६. विद्यालयको मासिक प्रतिवेदन अनलाइनबाट पठाउने व्यवस्था मिलाइनेछ र सोको लागि आवश्यकता अनुसार कम्प्युटर लगायतका उपकरणहरुको व्यवस्था नगरपालिकाबाट मिलाइनेछ ।

७. बालकक्षा देखिनै अङ्ग्रेजी भाषाको माध्यमबाट सिकाई संचालन कार्यलाई थप प्रोत्साहन दिने नीति लिइनेछ ।

८. सामुदायिक विद्यालयमा कार्यरत बाल विकास सहजकर्ता विद्यालय सहयोगी, लेखापाल र सामुदायिक सिकाइ केन्द्रको परिचालिकाको अपुग तलव बराबरको रकमको व्यवस्था मिलाइनेछ ।

९. यस नगरपालिका क्षेत्रभित्रका विद्यालयहरुमा स्थानीय पाठयकम तयार गरी लागु गरिनेछ ।

१०. कर्जन्हा नगरपालिका भित्रका दलित परिवारको अविवाहित छोरीहरुले स्नातक (Bachelor) पास गरेको सर्टिफिकेट पेश गरेमा प्रोत्साहन सो रुप १,००,०००।- एक लाख नगद दिने नीति लाई निरन्तरता दिइनेछ ।

११. कर्जन्हा नगरपालिका भित्रका विधालयमा कक्षा ११ र १२ मा अध्यनरत विद्यार्थीहरुलाई नि:शुल्क छात्रवृत्ति प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१२. नगरपालिका क्षेत्र भित्रका सवै विद्यालयहरुमा "साथीबाट सिक्ने साथीलाई सिकाउने" प्रणालीलाई प्रोत्साहन गरिनेछ ।

१३. सामुदायिक सिकाई केन्द्र स्थापना गर्ने नीति लिइनेछ ।

१४. ट्राफिक सचेतना, स्वस्थ जिवन तत्काल उपचार विधि, वातावरण तथा सरसफाई विपद्बाट जागिने तथा दैनिक जिवन सँग सम्वन्धित विषयमा १० वर्ष माथिका विद्यार्थीलाई सम्वद्ध निकायहरुको सहकार्यमा सिप तथा प्रशिक्षण प्रदान गर्न पहल गरिनेछ ।

## युवा, खेलकुद तथा मनोरञ्जन सम्वन्धी नीति

१. नगर क्षेत्रभित्र रहेका प्रतिभावान खेलाडीको खोजी एंव उनीहरुको प्रतिभाको प्रफुष्टन गर्न नगरस्तरीय फुटवल एकेडमी स्थापना गर्ने नीति लिइनेछ । यसका लागि चालु आ.व.मा आवश्यक कानून र बजेटको व्यवस्था गरिनेछ ।

२. नगरपालिका क्षेत्रभित्र एक वहुउद्देश्यीय रंगशाला निर्माण तथा एक वडा एक खेल मैदान निर्माणकालागि जग्गा प्राप्ति गरिने तथा भै रहेका खेल मैदानको स्तरोन्ती तथा मर्मत कार्य गरिनेछ ।

३. कार्तिक कुमार गोल्ड कप खेलकुद प्रतियोगितालाई नियमित संचालन गरिनेछ ।

४. नागरिक स्वास्थ्यलाई मध्यनजर गरी उचित स्थानमा व्यायमशाला, योग पार्क, हरित पार्क निर्माणलाई निरन्तरता गरिनेछ ।

५. लागु औषध दुर्व्यसन नियन्त्रण गर्न सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

६. नगर भित्रको बाझो जग्गा यूवालाई उद्यमशिल कार्यमा प्रयोग गरि स्वरोजगार बनाइनेछ ।

## लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धी नीति

१. लघु उद्यम विकास कार्यक्रमबाट उद्यमीले उत्पादन गरेका सामानहरुको प्रचार प्रसार तथा बिक्रि वितरण गर्नको लागि सनेश घर सौगात गृहको संचालनलाई निरन्तरता दिइनेछ ।

२. लैङ्गिक समानता तथा समावेशीकरण, दलित एवं बाल विकासका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

३. सार्वजनिक निजी साझेदारी नीतिलाई अवलम्वन गर्दै नगरपालिका क्षेत्र भित्रका महिलाहरुलाई उद्यमशीलताका माध्यमबाट उद्यमी बनाउने अभिप्रायले महिला उद्यमशीलताका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४. आर्थिक रुपले विपन्न अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति, एकल महिला, अपाङ्गता भएका व्यक्ति, वाल वालिका, आफनो हेरचाह आफै गर्न नसक्ने नागरिकहरुलाई लक्षित वर्ग कार्यक्रमहरु निरन्तरता दिइनेछ ।

५. विभिन्न आमा समुह तथा महिला सहकारी संस्थाका पदाधिकारीहरुका लागि नेतृत्व सिप विकास, उदघोषण कला लगायतका तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६. महिला तथा बालवालिका माथि हुने सबै प्रकारका हिंसा, षोषण, विभेद र बहिष्करण बिरुद्ध शुन्य सहनसिलता नीति अवलम्वन गर्नुको साथै हिंसा पिडितको न्यायमा पहुँच स्थापनाको लागि महिला तथा बालवालिका कोष स्थापना गरि संचालन गरिने छ ।

७. नगरपालिका भित्र अपाङ्ग मैत्री, विपन्न न्यूनीकरण, सिमान्तकृत तथा दलित उत्थानका कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

## पूर्वाधार विकास सम्बन्धी नीति

१. प्राथमिकताको आधारमा वडा नं.२, ५, ६ र ९ वडा कार्यालयहरुको भवन निर्माण कार्यलाई निरन्तरता दिनेछ ।

२. अन्तरपालिका तथा अन्तरवडा जोड्ने सडक संजाललाई प्राथमिकतामा राखी बजेट बिनियोजन गरिनेछ ।

३. सम्पूर्ण नगरवासीहरुलाई सहज र सुलभ यातायात सेवा पुर्‍याउन नीति लिइनेछ । यसका लागि भै रहेको सडकहरुको स्तरोन्नती मर्मत संभार आवश्यकता अनुसार पि.सि.सि./आर.सि.सि. र कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

Scanned with CamScanner

४. यस नगरपालिका भित्रका सवै सडकको दुवै तिर वृक्षारोपनलाई प्रोत्साहन गरिने नीति लिइनेछ ।

५. चालु आ.व. मा संचालन भई सम्पन्न हुन नसकेकोमा अधुरो पूर्वाधारलाई सम्पन्न गराउन प्राथमिकता दिइनेछ ।

६. सहरी योजना तथा भवन निर्माण मापदण्डको पूर्ण पालनामा जोड नीति अवलम्व गर्ने नीति लिइनेछ ।

७. नगरपालिकाको व्यवस्थित विकासको लागि आर्थिक, सामाजिक, शैक्षिक, भौतिक, ऐतिहासिक पर्यटकीय लगायतका क्षेत्रहरुलाई समेट्ने गरी एक नगर चक्रपथ निर्माणका लागि संघ तथा प्रदेश सरकार सँग समन्वय गरिनेछ ।

८. राष्ट्रिय भवन संहिता मापदण्ड वमोजिम भवन निमार्ण गर्ने गराउने र अभिलेखिकरण गर्ने नीति अवलम्वन गर्नेछ ।

९. फोहर मैला क्षेत्रमा कार्य गर्ने गैर सरकारी संघ संस्थालाई फोहर मैला प्रशोधनमा आधुनिक प्रविधिको प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

१०. नगर भित्र रहेको फुसको छाना भएको अति विपन्न गरिव परिवार लाई उचित बासको लागि जस्ता पाता सहितको घर व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

११. गरिब असाहय तथा सीमान्तकृत बसोवास गर्ने अव्यवस्थित तथा झुपडी वस्तीलाई व्यवस्थित वस्तीमा स्तरोन्नति गरिनेछ ।

१२. मुसहर र डोम परिवारको आवसको लागि संघ र प्रदेश सरकार संग सहकार्य गरी जनता आवास कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।

## बन तथा वातावरण सम्बन्धित नीति

### विपद् व्यवस्थापन सम्बन्धि नीतिः

### "एक वडा एक बगैंचा"

१. सामुदायिक वन, सार्वजनिक ऐलानी प्रति जग्गा, पोखरीको डिल जस्ता स्थानमा वार्षिक रुपमा १ (एक) लाख फलफूल तथा रुखका विरुवा रोप्ने नीति लिइनेछ ।

२ . नगर क्षेत्रभित्र हुने बाढी पहिरो, आगलागी, भुकम्प, चटयाङ्ग, वन्यजन्तु आक्रमण, आदि जस्ता प्राकृतिक विपतिमा तुरुन्त राहत उद्धार तथा पुनरस्थापनाका लागि सरोकारवाला निकायहरुसँगको समन्वयलाई प्रभावकारी वनाइनेछ ।

३. चालु आ.व.मा नगरपालिकाको लागि वारुणयन्त्र खरिद एंव प्राप्ति गर्न आवश्यक पहल गरिनेछ ।

४. विपद् व्यस्थापन गर्न नगर स्तरीय विपद् व्यवस्थापनलाई समिति सकिय बनाइने साथै विपद् सम्बन्धि जनचेतना गर्ने अभिवृद्धि गर्ने नीति लिइनेछ ।

५. पुर्वपश्चिम राजमार्ग अन्तर्गत कमला नदीमा भएको पुल मुनिको नदीजन्य पदार्थ थुप्रिएको कारण नदी वहावमा परितर्वन आइ त्यस आसपासमा निर्मित भौतिक संरचना, नदी उकास जमिन कमला सिचाईको वाँध लगायतमा क्षतिपुऱ्याउने सम्भावना भएको हुदाँ सोको व्यवस्थापनको लागि सम्वन्धित निकायमा पहल गरिनेछ

## खानेपानी सम्बन्धि नीति

१. वस्तिपुर खानेपानी आयोजनाले नेपाल विधुत प्राधिकरणलाई विधुत महशुल वापत तिर्न वाँकी पुरानो वक्यौता रकम भुक्तानी गर्न चालु आ.व.मा वजेटको व्यवस्था गरिनेछ। (सवल नेपाल)

२. एक घर एक धारा अवधारणा अनुसार यस नगरपालिकाको वडा नं.२ वाट शुरुवात गरी क्रमश: सवै वडाहरुमा खानेपानीको धारा जडान गर्ने नीति लिइएको छ।

३. शुद्ध खानेपानी आपुर्ति तथा आयआर्जन गर्न नगरपालिका एंव संघको लगानीमा संचालित खानेपानी आयोजना दर्ता प्रकृयाको लागि नीति नियम बनाई शुद्ध खानेपानी प्रशोधनको लागि सम्भावित अध्ययन अगाडी बढाईनेछ। साथै खानेपानी तथा सरसफाई समितिलाई वैधानिक दिन नीति तय गरिनेछ।

## वातावरण सम्बन्धी नीति

१. नगरपालिका क्षेत्र भित्र हरियाली प्रवर्द्धन गर्न र वातावरण संरक्षण गर्न फोहरमैला व्यवस्थापन, सडक किनारामा बिरुवा रोप्न साथै एक घर एक बिरुवालाई निरन्तरता दिईनेछ।

२. वातावरण सरसफाई सम्वन्धी जनचेतना मुलक कार्यक्रम 3R CONCEPT वाट कम्पोष्ट मल तथा नकुहिने फोहर व्यवस्थापन सम्बन्धी तालिम, गोष्ठी, जनचेतनामुलक कार्यक्रममा जोड दिने नीति लिईनेछ।

३. चुरे क्षेत्रको विनाश रोक्न र संरक्षण गर्न आवश्यक पहल गरिनेछ र चुरे क्षेत्र भित्रका धार्मिक स्थलहरुको विकास गर्दै पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ।

४. यस नगरपालिकालाई प्लास्टिक मुक्त क्षेत्र घोषण गर्दै प्लाष्टिकका विकल्पका सामाग्रीहरु उत्पादन र प्रयोगमा प्राथमिकता दिइनेछ।

५. सामुदायिक वनहरुलाई स्थानीयको आय आर्जन बढाउन एग्रो फोरेष्ट नीतिलाई निरन्तरता दिइएको छ।

६. नगर सौन्दर्य वृद्धि र हरियाली प्रवर्द्धन गर्न सडक छेउ रुख रोप्ने अभियानलाई निरन्तरता दिइनेछ।

७. चुरे क्षेत्रमा खोलिएका उद्योग धन्दाले वातारणमा परेको प्रभाव न्युनिकरण गर्न प्रदुषण कर लगाउने र त्यसवाट विकास निमार्णमा खर्च गर्ने व्यवस्था मिलाइनेछ।

## सुशासन तथा संस्थागत सम्बन्धी नीति

१. नेपालको संविधानको धारा २२६ र संविधानको अनुसुची ८ र ९ बमोजिमको सुचीमा उल्लेखित विषयलाई कार्यान्वयन गर्न आवश्यक पर्ने कानूनहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

२. नगरपालिका अर्न्तगतका वडा कार्यालयहरु, विद्यालयहरु, स्वास्थ्य चौकीहरु लगायत सवै कार्यालयहरुमा विद्युतिय हाजिरी तथा सि.सि.टिभि. जडान गरी सेवा प्रवाहमा प्रभावकारीता ल्याइनेछ।

Scanned with CamScanner

३. बेरुजु फर्छ्यौटमा कडाईका साथ लागु गर्ने नीति बनाइनेछ ।

४. नगरपालिकाबाट प्रदान गरिने सार्वजनिक सेवालाई छिटो छरितो पारदर्शीक बनाउन कर्मचारीहरुलाई आवश्यक पर्ने ज्ञान सिप क्षमतामा बढोतरी हुने किसिमका तालिम प्रदान गरिनेछ ।

५. सार्वजनिक सेवालाई जनता प्रति उतरदायि बनाउन सामाजिक परीक्षण, सार्वजनिक परीक्षण र सार्वजनिक सुनवाईका कार्यक्रम संचालन गर्दै लगिनेछ ।

६. जनसंख्या भूगौल राजश्वमा पुर्‍याएको योगदान समेतका आधारमा समान र समतामुलक वडाको विकासमा जोड दिइनेछ ।

७. वडाहरुलाई सार्वजनिक सेवा प्रवाहको प्रतिस्पर्धी इकाइको रुपमा विकास गरिनेछ ।

८. आन्तरिक नियम प्रणाली तर्जुमा गरी लागु गरिनेछ ।

९. सुचना अधिकारी र गुनासो सुनुवाइ अधिकारीको सेवालाई थप व्यवस्थित गरिनेछ ।

१०.उत्कृष्ट कर्मचारीलाई वार्षिक रुपमा पुरस्कृत गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

११. जनप्रनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि तथा अनुभव आदान प्रदान कार्यक्रम संचालन गरिनेछ ।

१२. नगरपालिकाबाट प्रदान गरिने सेवालाई प्रभावकारी बनाउन स्वीकृत दरबन्दीमा कर्मचारीको पदपुर्तिका लागि सम्बन्धित निकायमा लेखि पठाउने पदपुर्ति नभए सम्मका लागि उक्त पदबाट प्रदान गरिने सेवालाई करार मार्फत सेवा प्रदान गरिने नीति लिइनेछ ।

१३. नगरपालिकाबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाउन नगरपालिकामा एउटा सुविधा सम्पन्न जनता सहायता कक्ष (Help Desk) को स्थापना गरिनेछ ।

१४. नगरपालिका तथा वडा कार्यालयहरुमा डिजिटल नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।

१५. न्यायिक समितिका सदस्यहरु, सल्लाहकारहरु,मेलमिलाप सहजकर्ताहरुलाई सेवा सम्पादन सम्बन्धी तालिम प्रदान गरिनेछ । न्यायिक समितिको कार्य सम्पादन स्तरलाई सुदृढिकरण गर्न विशेष पहल गरिनेछ ।

१६. मुद्धाको प्रकृतीको आधारमा छिटो छरितो निर्णय गर्ने । चौमासिक रुपमा प्रतिवेदन सार्वजिनक गर्ने ।

१७. नगर पालिकामा नगर प्रहरीको आवश्यकलाई मध्य नजर गर्दै नगर प्रहरी भर्ना सम्बन्धी कार्यलाई अगाडी बढाइनेछ ।

4/7/76

नगर सभा सदस्य महानुभावहरु,

अन्त्यमा,

कर्जन्हा नगरपालिकालाई विगतको इतिहास वर्तमान र भविष्यसंग जोड्दै समृद्धितर्फ लैजाने जनताको सापेक्ष विकासका चाहना पुरा गर्ने, स्थानीय सरकार र स्थानीयवासी विचको सुमधुर सम्बन्ध कायम गर्ने, आधुनिक प्रविधि र मौलिक पहिचानको समिश्रणबाट उतर आधुनिक विकासको खाका कोर्ने र अत्यावश्यक पूर्वाधार र संरचना तयार गरी कर्जन्हा नगरपालिकालाई सुन्दर नगर वनाउने सन्दर्भमा हाम्रा प्रयत्नहरु निरन्तर जारी छन् । यस अवसरलाई सदुपयोग गर्दै सम्पुर्ण नगरवासीलाई स्वच्छ, निष्पक्ष, न्यायपुर्ण र प्रतिवद्ध नेतृत्व प्रदान गरिनेछ । साथै कर्जन्हा नगरपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउने नेपाल सरकार, मधेश प्रदेश सरकार, विकास साझेदारहरु, निजी क्षेत्र, अन्तराष्ट्रिय दातृ समुदाय, नगरपालिकाका कर्मचारीहरु, मतदाता र सम्पुर्ण बुद्धिजीवी एंव प्रवद्ध वर्गमा हार्दिक अपिल गर्दै आगामी आर्थिक बर्ष २०८१।०८२ को विकास योजना तथा कार्यक्रमहरुलाई परिणाममुखी तवरले संचालन एंव सम्पन्न गर्ने र गराउने प्रतिबद्धताका साथ हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

भोला प्रसाद पोखरेल
नगर प्रमुख